Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ५७ | वि.सं. २०८३ जेठ २६ मंगलवार | नेपाल संवत: ११४५, ज्येष्ठ कृष्ण नवमी | Tuesday 9 June 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## रास्वपा जिल्ला अधिवेशन

# कर्णालीका आठ जिल्लामा चुनिए नेतृत्व

**◣ओम शाही**
**सुर्खेत, २५ जेठ ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) आफ्नो पहिलो जिल्ला अधिवेशनबाट कर्णाली प्रदेशका आठ जिल्लाका सभापति चयन गरेको छ। २०७९ को आम निर्वाचनबाट उदाएको रास्वपा गएको २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा ठुलो जनाधार प्राप्त गरेपछि पहिलो पटक अधिवेशनमा होमिएको छ।

रास्वपाले आफ्नो संगठनात्मक नीति तथा केन्द्रीय समितिको निर्णयअनुसार कर्णालीका नौ जिल्लामा आइतबारदेखि जिल्ला अधिवेशन आयोजना गरेको थियो। कर्णालीका एक जिल्ला डोल्पामा भने पार्टीको राष्ट्रिय महाधिवेशनपछि मात्रै जिल्ला अधिवेशन गर्ने पक्षमा रास्वपा छ। रास्वपाले नौ जिल्ला मध्ये दुई जिल्लामा मतदान र अन्य ६ जिल्लामा सर्वसम्वत नेतृत्व चयन गरेको छ।

मुगुमा भने यो समाचार तयार (सोमबार साँझ) पार्दासम्म नेतृत्व चयन हुन सकेको थिएन। सार्वजनिक परिणाम अनुसार रास्वपा सुर्खेतको सभापतिमा पुनः रमेशकुमार सापकोटा सर्वसम्वत चयन भएका छन्। सुर्खेतमा रास्वपाको पहिलो जिल्ला भेलादेखि नै नेतृत्व सम्हाल्दै आएका सापकोटा लगातार दोस्रो कार्यकालका लागि सभापति बनेका हुन्।

सापकोटा हालै सम्पन्न २०८२ फागुनको आम निर्वाचनमा सुर्खेत क्षेत्र नम्बर-२ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए। उनी कर्णाली प्रदेशभरबाट रास्वपाका तर्फबाट निर्वाचित एकमात्र प्रतिनिधिसभा सदस्य हुन्। सभापतिमा सापकोटा सर्वसम्वत चयन भएपनि अन्य पदाधिकारीमा आंकाक्षी धेरै देखिएपछि सोमबार साँझसम्म अन्य पदाधिकारी तथा सदस्यको भने टुङ्गो लागेको छैन।

त्यस्तै, हुम्लामा पनि रास्वपाले सर्वसम्वत नेतृत्व चयन गरेको छ। लक्ष्मण ऐडीको नेतृत्वमा नौ सदस्यीय जिल्ला कार्य समिति सर्वसम्वत चयन भएको हो। एडी यसअघि उपसभापति थिए। भेलाले उपसभापतिमा रिन्जेन लामा, सचिवमा मनोज बाहेरा, सहसचिवमा तीर्थराज बुढा र कोषाध्यक्षमा कमन शाहीलाई चयन गरेको छ। त्यस्तै, सदस्यमा नरेन्द्र बुढा, सुरेश बुढा, बाँचे बुढा र अस्मिता बुढा चयन भएका छन्। रास्वपा जुम्लाको सभापतिमा मक्करबहादुर भण्डारी चयन भएका छन्।



### दैलेख र रुकुममा निर्वाचन

जारी रास्वपाको जिल्ला अधिवेशन अन्तर्गत कर्णालीका दुई जिल्ला दैलेख र रुकुम पश्चिममा निर्वाचनमार्फत नेतृत्व चयन भएको छ। सभापतिका आंकाक्षी धेरै भएपछि यी जिल्लामा रास्वपाले मतदानमार्फत नेतृत्व चयन गरेको हो।

सोमबार सम्पन्न मतगणना अनुसार रास्वपा दैलेखको सभापतिमा बखतबहादुर भण्डारी निर्वाचित भएका छन्। उनले ९२ मत प्राप्त गरी तीन जनालाई पछि पारेर सभापतिमा विजयी भए। दैलेखमा सभापतिका लागि चार जना आकांक्षी थिए। आकांक्षीबीच सहमति जुट्न नसकेपछि अधिवेशन निर्वाचनमा धकेलिएको थियो।

सार्वजनिक मतपरिणा अनुसार सभापतिका आकांक्षी प्रकाश बुढाले ६९, बिनीबहादुर शाहीले ४३ र निवर्तमान सभापति मित्र प्याकुरेलले ४१ मत प्राप्त गरे। यस्तै, उपसभापतिमा गणेश शाही, सचिवमा रमेश केसी, सहसचिवमा रामबहादुर शाही निर्वाचित भएका छन्। सभापतिमा निर्वाचित भण्डारीले २०७९ मा दैलेख-२ मा रास्वपाबाटै प्रतिनिधिसभा चुनाव पनि लडेका थिए।

त्यस्तै, रुकुम पश्चिममा पनि निर्वाचनबाट नेतृत्व चयन भएको छ। सभापतिका लागि आइतबार भएको निर्वाचनबाट सभापतिमा द्रोण खड्का निर्वाचित भए। खड्काले ४२ मत प्राप्त गरी विजयी बनेको हुन्। उनका निकटतम प्रतिस्पर्धी पुस्तक चन्दले ३० मत पाए। यस्तै, उपसभापतिमा रिमप्रसाद शर्मा, सचिवमा दीपेन्द्र राज विष्ट, सहसचिवमा प्रेम बाँठा मगर निर्वाचित भएका छन्।

भण्डारी नेतृत्वको जिल्ला कार्यसमिति पनि सर्वसम्वत चयन भएको हो।

प्रथम अधिवेशनबाट उपसभापतिमा सुनिलबहादुर रोकाय, सचिवमा जगबहादुर खत्री, सहसचिवमा दानबहादुर बुढा चयन भएका छन्। यस्तै, सदस्यहरूमा पेमा टाँसी लामा तामाङ, शान्ते कामी, भीमबहादुर बुढा र सीता रोकाय चयन भएका छन्। अधिवेशनले क्षत्रिय निर्वाचन समितिसमेत गठन गरेको छ। जसमा निर्वाचन क्षेत्र नं. १ को उपसंयोजकमा इन्द्रबहादुर बुढा, सचिवमा फुर्वा छिरिङ तामाङ, सदस्यमा जनकराज खत्री चयन भएका छन्।

त्यस्तै, निर्वाचन क्षेत्र नं. २ को उपसंयोजकमा कमल आचार्य, सचिवमा मायालाल धिताल र सदस्यमा मुक्तिप्रसाद उपाध्याय चयन भएका छन्। रास्वपा जाजरकोटको प्रथम जिल्ला अधिवेशनबाट महेश सिंह पुनः सभापतिमा सर्वसम्मत चयन भएका छन्। सिंहको नेतृत्वमा २० सदस्यीय नयाँ जिल्ला कार्यसमिति सर्वसम्वत चयन भएको हो।

नवनिर्वाचित कार्यसमितिको उपसभापतिमा प्रकाशकुमार कार्की, सचिवमा कर्णप्रसाद जैसी, सह-सचिवमा इन्द्रजित शाही र कोषाध्यक्षमा प्रमोदजंग शाह चयन भएका छन्। यस्तै, सदस्यहरूमा टीका विक, निरज सिंह, दलबहादुर खत्री, धिरेन्द्र पुन, जनक शाही, वीरबहादुर खड्का, केशव रावत, ज्ञानबहादुर घर्ती, संगीता थापा, मानबहादुर बुढाथोकी, रामबहादुर केसी, गौर शाही, सरिता पुन, प्रेमबहादुर सिंह र सुनिता विक सर्वसम्वत चयन भएका छन्।

रास्वपा कालीकोटको नेतृत्व पनि सर्वसम्वत चयन भएको छ। अधिवेशनबाट सभापितमा प्रेमबहादुर केसी निर्वरोध चयन भएका छन्। उनी यसअघि पनि जिल्ला सभपति थिए। यस्तै, उपसभापतिमा दिनेशबहादुर शाही, सचिवमा भुपेन्द्रजंग शाही, सहसचिवमा जीवनबहादुर शाही चयन भएका छन्। उनीहरु पनि सर्वसम्वत चयन भएका हुन्। यस्तै, सदस्यहरूमा पवित्रा जैसी, कलशा शाही निर्विरोध चयन भएका छन्।

रास्वपा कालीकोटले निर्वाचन क्षेत्र नम्बर १ मा धनिराम धमाला र २ मा दिनेश सन्ज्याललाई जिम्मेवारी दिएको छ। रास्वपा सल्यानको नेतृत्व पनि सर्वसम्वत चयन भएको छ। अधिवेशनले यसअघि पनि सभापति रहेका प्रकाश नेपालीलाई पुनः सभापतिमा सर्वसम्मत चयन गरेको हो। नवनिर्वाचित कार्यसमितिको उपसभापतिमा टिकाराम केसी, सचिवमा श्रीकान्त राई, सहसचिवमा हिरा योगी तथा कोषाध्यक्षमा सीता मल्ल चयन भएका छन्। यस्तै, सदस्यमा प्रेमबहादुर चलाउने, रूपलाल बूढा, रमेशबहादुर वली, पुष्कर चलाउने, तुलसा खत्री, शेरबहादुर केसी, केशवराज केसी, राजु सुनार र रुद्रमणी शर्मा चयन भएका छन्।

जाजरकोटको प्रथम जिल्ला अधिवेशनबाट महेश सिंह पुनः सभापतिमा सर्वसम्मत रूपमा चयन भएका छन्। आइतबारदेखि नेतृत्व चयनका लागि चलेको छलफल र सहमतिपछि सोमबार २० सदस्यीय नयाँ जिल्ला समिति गठन गरिएको हो।

नवनिर्वाचित समितिको उपसभापतिमा प्रकाश कुमार कार्की, सचिवमा कर्ण प्रसाद जैसी, सह-सचिवमा इन्द्रजित शाही तथा कोषाध्यक्षमा प्रमोद जंग शाह चयन भएका छन्। त्यसैगरी सदस्यहरूमा टीका बिक, निरज सिंह, दल बहादुर खत्री, धिरेन्द्र

▶▶ बाँकी ३ पेजमा

# बागमतीले निकाल्यो पहिलो जीत

**◣युग संवाददाता**
**सुर्खेत, २५ जेठ ।**

जारी प्रतियोगीतामा लगातार दुई खेल हारेको बागमतीले पहिलो जीत हात पार्दै हालसम्मकै सर्वाधिक स्कोर बनाएको छ। प्रतियोगिताको आफ्नो तेश्रो खेल कोशीविरुद्ध खेलेको बागमतीले २३ रनको जित हात पार्‍यो। योसँगै बागमती दुई अंकका साथ तालिकाको पाँचौं स्थानमा उल्किएको छ।

कालुङ्चोक मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको बागमतीले २० ओभरमा ५ विकेट गुमाउँदै १६९ रनको योगफल खडा गरेको थियो। बागमतीका लागि ओपनर सेविकाकुमारी यादव र प्रथा श्रेष्ठले उत्कृष्ट साझेदारी गरे। दुबैले १४.३ ओभर क्रिजमा टिकेर पहिलो विकेटका लागि १२३ रनको बलियो साझेदारी गरे। ११ चौकासहित ४७ बलमा ६६ रन जोडेकी सेविका टीका शाहीको बलमा शुभेक्षा लिम्बुबाट क्याच आउट भइन्।

त्यसको दुई ओभरपछि प्रथा पनि ४८ बल खेल्दै ११ चौकासहित ६१ रन जोडेर खिमकला घिमिरेबाट बोल्ड भइन। जवाफी ब्याटिङमा सम्हालिएको प्रदर्शन गरेको कोशीका प्रिन्सा राना मगरले ४१, टीका



शाहले ३७ र पूर्णिमा राजवंशीले २० रन बनाए पनि अरु ब्याटर जम्न सकेनन्। अतिरिक्त पाएको ३३ रनको फाइदापनि उठाउन नसक्दा कोशीको इनिग्स १४६ मै सीमित हुनपुग्यो।

जारी प्रतियोगीतामा लगातार दुई खेल हारेको बागमतीले पहिलो जीत हात पार्दै हालसम्मकै सर्वाधिक स्कोर बनाएको छ। प्रतियोगिताको आफ्नो तेश्रो खेल कोशीविरुद्ध खेलेको बागमतीले २३ रनको जित हात पार्‍यो। योसँगै बागमती दुई अंकका साथ तालिकाको पाँचौं स्थानमा उल्किएको छ।

कालुङ्चोक मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको बागमतीले २० ओभरमा ५ विकेट गुमाउँदै १६९ रनको योगफल खडा गरेको थियो। बागमतीका लागि ओपनर सेविकाकुमारी यादव र प्रथा श्रेष्ठले उत्कृष्ट साझेदारी गरे। दुबैले १४.३ ओभर क्रिजमा टिकेर पहिलो विकेटका लागि १२३ रनको बलियो साझेदारी गरे। ११ चौकासहित ४७ बलमा ६६ रन जोडेकी सेविका टीका शाहीको बलमा शुभेक्षा लिम्बुबाट क्याच आउट भइन्। त्यसको दुई ओभरपछि प्रथा पनि ४८ बल खेल्दै ११ चौकासहित ६१ रन जोडेर खिमकला घिमिरेबाट बोल्ड भइन।

जवाफी ब्याटिङमा सम्हालिएको प्रदर्शन गरेको कोशीका प्रिन्सा राना मगरले ४१, टीका शाहले ३७ र पूर्णिमा राजवंशीले २० रन बनाए पनि अरु ब्याटर जम्न सकेनन्। अतिरिक्त पाएको ३३ रनको फाइदापनि उठाउन नसक्दा कोशीको इनिग्स १४६ मै सीमित हुनपुग्यो।

# बीस विद्यालयलाई ल्यापटप वितरण

**◣युग संवाददाता**
**हुम्ला, २५ जेठ ।**

जिल्ला सदरमुकाममा रहेको सिमकोट गाउँपालिकाले आफ्ना मातहतमा रहेका २० सामुदायिक विद्यालयलाई ल्यापटप वितरण गरेको छ। शिक्षामा सूचना प्रविधिको पहुँच विस्तार गर्ने उद्देश्यले सामुदायिक विद्यालयलाई ल्यापटप वितरण गरिएको हो।

करिब रु ४५ लाखबराबरको ४० थान ल्यापटप वितरण गरिएको गाउँपालिकाका प्रमुख प्रसाशकीय अधिकृत भलाराम पङ्गालीले बताए। गाउँपालिकाले विद्यालय शिक्षाको गुणस्तर सुधार, विद्यार्थीलाई प्रविधिमैत्री शिक्षा प्रदान तथा डिजिटल सिकाइ वातावरण निर्माण गर्ने लक्ष्यसहित ल्यापटप हस्तान्तरण गरेको हो।






## सम्पादकीय....

# प्रदेश अस्पताललाई उपेक्षा किन ?

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममा प्रदेश अस्पताल सुर्खेतलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानका रूपमा विकास गर्ने महत्वाकांक्षी योजना पुनः दोहोऱ्याएको छ। प्रदेश सरकारका हरेकजसो नीति तथा कार्यक्रम दस्तावेजमा दोहोरिँदै आएको यो घोषणा सुन्न आकर्षक लागे पनि यसको कार्यान्वयन पक्ष भने अझै कमजोर देखिन्छ। प्रतिष्ठान बनाउने लक्ष्य आफैंमा गलत होइन, तर त्यसका लागि आवश्यक आधारभूत तयारीबिना गरिएको घोषणा केवल औपचारिकता बन्ने जोखिम बढ्दै गएको छ। प्रदेश अस्पताल कर्णालीको सबैभन्दा ठूलो र महत्वपूर्ण स्वास्थ्य संस्था हो। संघीयतापछि प्रदेश सरकारले यसको सञ्चालन तथा व्यवस्थापन गर्दै आएको छ। पछिल्ला वर्षहरूमा अस्पतालको भौतिक पूर्वाधार विस्तारमा उल्लेखनीय लगानी भएको छ। अहिले अस्पताल पाँच सय शय्यासम्मको सेवा दिन सक्ने संरचनासहित तयार छ। तर, सेवा सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन भने त्यही अनुपातमा हुन सकेको छैन। भौतिक संरचना विस्तार र सेवा क्षमताबीचको असन्तुलन नै अहिलेको सबैभन्दा ठूलो समस्या हो।

अस्पतालको स्वीकृत दरबन्दी अझै एक सय ५० शय्याको आधारमा कायम छ। प्रदेश सरकार र अस्पताल विकास समितिको व्यवस्थापनबाट तीन सय शय्यासम्म सेवा सञ्चालन भइरहेको भए पनि आवश्यक जनशक्ति पर्याप्त छैन। स्थायी दरबन्दी सीमित छ, भएका पदमध्ये पनि धेरै रिक्त छन्। झण्डै ५० जना विशेषज्ञ चिकित्सकको पद खाली रहेको अवस्था आफैंमा गम्भीर विषय हो। अझ चिन्ताको कुरा त अस्पतालका अधिकांश विभागीय प्रमुख तथा अनुभवी विशेषज्ञ चिकित्सक संघीय सरकारबाट काजमा आएका जनशक्तिको भरमा सेवा प्रवाह भइरहेको छ। यदि ती चिकित्सक फिर्ता भए भने हाल उपलब्ध विशेषज्ञ सेवासमेत प्रभावित हुने निश्चित छ। स्वास्थ्य विज्ञान प्रतिष्ठान भनेको केवल भवन र उपकरणको नाम होइन। त्यहाँ गुणस्तरीय उपचार, दक्ष चिकित्सक, अध्यापन, अनुसन्धान र नियमित विशेषज्ञ सेवा उपलब्ध हुनुपर्छ। तर, अहिले अस्पतालले आधारभूत जनशक्ति अभावकै समस्या समाधान गर्न सकेको छैन। यस्तो अवस्थामा प्रतिष्ठानको घोषणा भन्दा पहिले जनशक्ति व्यवस्थापन, दरबन्दी विस्तार र विशेषज्ञ चिकित्सकको स्थायी पदपूर्तिलाई प्राथमिकतामा राखिनुपर्छ।

अर्कोतर्फ स्वास्थ्य बीमाको दायरा विस्तार र अस्पताललाई प्रथम सेवा बिन्दु बनाइएपछि बिरामीको चाप उल्लेख्य रूपमा बढेको छ। तर सोही अनुपातमा जनशक्ति र व्यवस्थापन क्षमता वृद्धि गरिएको छैन। बीमासम्बन्धी प्रशासनिक प्रक्रियाले स्वास्थ्यकर्मीमाथि अतिरिक्त भार थपेको छ भने स्वास्थ्य बीमावापतको ठूलो रकम भुक्तानी हुन बाँकी रहनुले अस्पतालको वित्तीय व्यवस्थापनमा समेत दबाब सिर्जना गरेको छ। त्यसैले प्रदेश सरकारले अब घोषणाभन्दा कार्यान्वयनमा जोड दिनुपर्छ। प्रतिष्ठान बनाउने सपना देखाउनुभन्दा पहिले अस्पताललाई आवश्यक विशेषज्ञ चिकित्सक, स्वास्थ्यकर्मी र स्रोत-साधन सुनिश्चित गर्न आवश्यक छ। अन्यथा स्वास्थ्य विज्ञान प्रतिष्ठानको नारा केवल कागजमा सीमित हुनेछ र कर्णालीका नागरिकले गुणस्तरीय स्वास्थ्य सेवाको प्रतीक्षा अझै लम्बिनुपर्नेछ। प्रदेश अस्पतालमा आवश्यक जनशक्ति व्यवस्थापन गर्न राजनीतिक नेतृत्वले नै चासो दिएको देखिदैन। अस्पतालले विभागीय सामाजिक विकास मन्त्रालयदेखि मुख्यमन्त्री कार्यालयसम्म दरवन्दी व्यवस्थापन गरिदिन आग्रह गरेको छ। तर, यसमा मन्त्री तथा मुख्यमन्त्रीले चासो दिएका छैनन्। यो कर्णालीका नागरिकको स्वास्थ्यमाथि गरिएको गम्भीर खेलबाड हो। अस्पताल जस्तो संवेदनशिल क्षेत्रलाई राजनीतिक दृष्टिकोणबा हेरिनु आफैमा घातक कदम हो। यस्तो कदापी स्वीकार्य छैन। आजसम्म अस्पताललाई आवश्यक स्रोत र जनशक्ति दिन भएको ढिलाईबाट पाठ सिक्दै तत्काल प्रदेश सरकारले निर्णायक कदम चाल्नु पर्दछ। जनशक्ति अभावले त्यसै पनि अस्पताल बदनाम हुँदै आएको छ। जबसम्म स्वास्थ्य जस्तो संवेदशिल क्षेत्रलाई हेय भावले हेरिन्छ तबसम्म कर्णालीको स्वास्थ्य सेवा कदापी गुणस्तरीय बन्न सक्दैन।

# भुइँमान्छेलाई भन्दा धेरै कमाउने वर्गलाई मनैदेखि सम्झेको बजेट



✍ डा. गोविन्दराज पोखरेल

अर्थतन्त्रको राष्ट्रिय र विश्व परिवेश बुझेका विद्वान अर्थशास्त्री स्वर्णिम वाग्लेले दोस्रो आर्थिक सुधार गरी नेपाललाई लगानीमैत्री बनाउन, उद्यमी र मध्यम वर्गको कमाउने तथा खर्च गर्ने क्षमता बढाउन र खपतमा कर लगाई राजस्व लक्ष्य पूरा गर्ने उद्देश्यले प्रेरित महत्त्वाकांक्षी आकारको बजेट पेस गरेका छन्।

उनले विनियोजन विधेयकमार्फत सरकारका पाँच प्राथमिकता अगाडि सारेका छन् – सेवा प्रवाहका लागि कानुनी-संस्थागत सुधार र सूचना प्रविधिको समुपयोग, आर्थिक वृद्धिका क्षेत्रगत स्रोतहरूको पुनः प्राथमिकता, भौतिक पूर्वाधारका लागि बहुपक्षीय पुँजी परिचालन, अवसरको समानताका लागि सामाजिक लगानी र बहुआयामिक अन्तर्राष्ट्रिय सम्बन्धको विविधीकरण।

बजेटका कतिपय बुँदा पढ्दा के बुझिन्छ भने, अवश्य पनि विभिन्न विचारधाराबाट रास्वपा प्रवेश गरेका व्यक्तिहरू निर्वाचित भएर आएको भीमकाय संसदीय दलका १८२ जना सांसदको विविध खाले माग सम्बोधन गर्दा पनि अर्थमन्त्रीको आफ्नो दोस्रो आर्थिक सुधारको एकल एजेन्डाले मात्र बजेट बन्न गाह्रो छ।

दलीय व्यवस्थामा यो एउटा स्वाभाविक अर्थ-राजनीति नै हो। संसदमा अर्थमन्त्रीले पढ्दा उनका क्लिष्ट र नयाँ-नयाँ नेपाली शब्दहरूले कर्णप्रिय त बनायो, तर समाजका हरेक पक्षले खोजेको विषय त सीमित ढकुटीले समेट्न सक्ने कुरै भएन।

अवश्य पनि यो बजेटले भुइँमान्छेलाई भन्दा लगानी गर्न चाहने, प्रविधिमैत्री युवा र धेरै कमाउनेलाई मनैदेखि सम्झेको छ। बजेटलाई केलाउँदा यसका हरेक आयाम छन्, जसका केही राम्रा कुरा र छुटेका पक्षलाई समेट्ने प्रयास गरिएको छ।

**लगानी माहोलका लागि 'बोल्ड' कदम**

नेपालको अर्थतन्त्रको रूपान्तरण कृषिबाट सिधै सेवा क्षेत्रमा गएको छ। धेरैले यसलाई दिगो आर्थिक विकास र रोजगारीका अवसर सिर्जना नहुने अर्थतन्त्रको संरचना भएको विचार राख्छन्।

हुन पनि उद्योग क्षेत्रले प्रतिस्पर्धा गर्न थुप्रै नीतिगत, प्रक्रियागत अप्ठ्यारा भोग्दै आएका थिए, जुन कुराहरू विगतमा सरकारहरूबाट अध्यादेश ल्याएर भए पनि केही सम्बोधन गर्ने प्रयास नभएका होइनन्।

तर यस पटक सरकारले बजेटमार्फत ३६० प्रकारका वस्तुमा अन्तःशुल्क हटाउने र २७३ औद्योगिक कच्चापदार्थमा भन्सार दर घटाउने घोषणा गरेको छ, जसले औद्योगिक कच्चापदार्थको भन्सार महसुल तयारी वस्तुको भन्दा कम्तिमा एक तह कम हुने गरी घटाइएको छ।

कायम रहेको झन्झटिलो ११ तहको भन्सार दर प्रणाली परिमार्जन गरी ७ तहमा मात्र सीमित गरिएको छ। यी केही निर्णय गरेर अर्थमन्त्रीले २०४८ पछि फेरि एक पटक औद्योगिक क्षेत्रमा फड्को मार्ने प्रयास गरेको देखिन्छ।

वैकल्पिक वित्त, व्यावसायिक कर्जा, नवप्रवर्तनका लागि पुँजीगत खर्चको १ प्रतिशत बजेट, लगानी बोर्डबाट स्वीकृत भएपछि वैदेशिक लगानीको प्रक्रिया पुग्ने लगायतका सुधारका प्रयास गरिएको छ। पदभार ग्रहण गर्दा नै १५ वटा कानुन खारेज गरेका अर्थमन्त्रीले उद्योग बन्द गर्न, व्यवसाय सम्बन्धी कानुनी मुद्दा छिटो सल्टाउन लगायतका थुप्रै कानुनी सहजीकरण गर्न थप ३०-३५ कानुनहरू खारेजी, संशोधन र नयाँ बनाउने घोषणा गरेका छन्।

यी धारणाले उद्योगको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ। यसले उत्पादन लागत कम गर्ने, प्रतिस्पर्धात्मक वातावरण बनाउने र स्थानीय उद्योगहरूलाई सशक्त बनाउन प्रयास गर्छ भन्ने अपेक्षा सरकारको छ।

घरेलु उत्पादन र निर्यातमा वृद्धि हुन सक्छ, जसले रोजगारीका अवसरहरू सिर्जना गर्नुका साथै समग्र आर्थिक परिदृश्यमा सकारात्मक असर पार्नेछ। उत्पादन र आयात प्रतिस्थापनका लागि स्वदेशी उत्पादन बढाउन, कृषि क्षेत्रको आधुनिकीकरणमार्फत व्यावसायिक कृषिलाई प्रोत्साहन गर्न र चुलिँदै गएको व्यापार घाटा कम गरी आत्मनिर्भर बन्न बजेटले नीतिगत रूपमा खोजेको भनेर सरकारको दाबी छ।

विगतका सरकारहरूले जस्तै सूचना प्रविधि क्षेत्रमा पनि यो सरकारले आगामी एक दशकलाई 'सूचना प्रविधि दशक' घोषणा गरी लाखौं प्रत्यक्ष-अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने र आइटी पार्कहरू निर्माण गर्ने लक्ष्य राखिएको छ। सरकारले बजेटमा काठमाडौंको स्युचाटारमा 'सार्वभौम एआई कम्प्युटिङ केन्द्र' स्थापना गर्ने घोषणा गरेको छ र यसका लागि हजारौं एआई प्रोसेसिङ युनिटहरू खरिद गर्ने भनेको छ।

यद्यपि यसको अहिलेको बजार मूल्य अनुसार अनुमानित लागत नेपालको बजेटको एक-चौथाइ बजेटभन्दा बढी लाग्ने अनुमान गरिन्छ। सायद यसमा सार्वजनिक-निजी-साझेदारी मोडेल नै उत्तम होला। सूचना प्रविधि उद्योगले सेवा निर्यात गरी आर्जन गरेको आम्दानीमा ५० प्रतिशत आयकर छुट दिइएको छ। आइटी क्षेत्रका जनशक्तिले प्राप्त गर्ने 'स्वेट इक्विटी' लाई करयोग्य आम्दानीबाट शतप्रतिशत छुट दिइएको छ।

स्टार्टअप, नवप्रवर्तन र युवा उद्यमशीलतालाई बढावा दिन स्टार्टअप उद्यम कर्जा कार्यक्रमका लागि विशेष वित्तीय व्यवस्था गरिएको छ। स्टार्टअप कम्पनी, निजी इक्विटी र संयुक्त लगानी कम्पनीहरूको पुँजी वृद्धि गर्दा उद्यमशीलता क्षमता बढाउन कर सहुलियत प्रदान गरिएको छ। स्वदेशी उद्योगहरूलाई संरक्षण र प्रतिस्पर्धी बनाउन तथा आयातित तयारी वस्तुहरूबाट बचाउन विशिष्ट वस्तुहरूको आयात र अन्तःशुल्क दरमा वृद्धि गरिएको छ।

घरायसी सामग्री उत्पादन गर्ने उद्योगका लागि आवश्यक कच्चापदार्थ आयातमा भन्सार तथा अन्तःशुल्क छुट दिइएको छ। भन्सार जाँचपासपछिको परीक्षणको समयसीमा ४ वर्षबाट घटाएर २ वर्ष कायम गरी उद्योगीहरूलाई प्रशासनिक झन्झट कम गर्ने जमर्को देखिन्छ।

तर प्रोत्साहनका लागि नीति, कानुन, आर्थिक सहुलियत मात्र पर्याप्त हुँदैन। जेनजी विद्रोहमा निजी सम्पत्तिमाथि गरिएको लुटपाट, आगजनी, ज्यादती र बलियो सरकार बनेपछि आर्थिक सुशासन कायम गर्ने भनेर निजी क्षेत्रमाथि गरिएको तदर्थवादी कारबाहीले गिरेको मनोबल उकास्न सबभन्दा पहिले सरकारले निजी क्षेत्रप्रति गरिने व्यवहार प्रक्षेपण गर्न सक्ने खालको (प्रिडिक्टेबल) बनाउनुपर्छ। सरकारले लगानीकर्तालाई स्थिर कर नीति हुने माहोल बनाउने, करदाता उद्योगी र सरकारबीच सम्बन्ध पारदर्शी हुनुपर्ने, लगानीकर्तालाई विभिन्न निकाय धाउने कुरालाई कम गर्नुपर्ने लगायतले मात्र लगानीकर्ताको मनोबल बढ्ला र हाम्रो बैंकिङ प्रणालीमा थुप्रिएको रकम प्रतिफल दिने लगानीतिर जानेछ। नत्र विगतका सरकारहरूले पनि बजेटबाट, नभए अध्यादेश ल्याएर भए पनि लगानीमैत्री माहोल बनाउने प्रयत्न नगरेका होइनन्।

नेपालमा डायस्पोरा (गैरआवासीय नेपाली) लाई लगानीको अवसर दिने, 'क्लतचब-मबथ त्चबमष्लन' र 'क्जयचत क्भर्शिलन' जस्ता आधुनिक व्यापारिक गतिविधिहरूको सुरूआत गर्न खोजिएको छ।

व्यक्तिगत आयकरमा ठूलो राहत दिँदै व्यक्तिगत आयकर लाग्ने न्यूनतम सीमा साविकको भन्दा दोब्बर गरी वार्षिक १० लाख रूपैयाँ पुऱ्याइएको छ। उच्च आय भएका व्यक्तिहरूमाथि लाग्ने अधिकतम ३९ प्रतिशतको करको बिन्दुलाई १० प्रतिशत बिन्दुले घटाएर २९ प्रतिशत कायम गरिएको छ।

यो मध्यम वर्गका करिब ३ लाख व्यक्तिहरूका लागि आर्थिक राहतको प्रभावकारी उपाय हो। यो प्रक्रियाले तिनीहरूको आम्दानीमा वा खपत वृद्धि गर्न मद्दत पुऱ्याउनेछ, जसबाट उनीहरूले अधिक बचत गर्न र अर्थतन्त्रमा लगानी गर्ने क्षमता बढाउनेछन् र उनीहरूको बचत रकम लगानीतिर उन्मुख गर्नेछन् भन्ने अपेक्षा बजेटको देखिएको छ।

तर उपभोग बढाउँदै गर्दा आयात बढ्ने पनि सम्भावना उत्तिकै छ, जसले सरकारको राजस्व त बढाउला तर व्यापार घाटा घटाउने उद्देश्य भने थाती नै रहनेछ।

बजेटको सुधारको एउटा घोषणा गजबको छ। आम नागरिकलाई तपाईं सक्षम हुनुहुन्छ भने सामाजिक भत्ता (वृद्ध भत्ता) नलिनुस् भन्ने अनुरोध गरेको छ। यसको संकेत आगामी दिनमा 'हुने' वर्गलाई यी भत्ता नमिल्न सक्छ भन्ने सन्देश समाजमा दिइएको छ।

**राजस्व संकलनका केही अप्रिय पहल**

सरकारले स्वास्थ्य र शिक्षा क्षेत्रमा लगाएको करले सरकारी स्वास्थ्य संस्थाहरूमा उपचार नपाएर निजीमा जाने गरिबलाई थप महँगो हुनेछ। किनकि, स्वास्थ्य क्षेत्रमा सरकारको नारा र जनताको पहुँच पुग्नेमा ठूलो विरोधाभास छ।

सरकारी स्वास्थ्य संरचनामा चुस्त रूपमा सेवा उपलब्ध नभएकाले आम नागरिक निजी स्वास्थ्य सेवा लिन बाध्य छन् र उनीहरू थप आर्थिक मारमा पर्छन्।

विगतदेखि नै नेपालमा उत्पादित विद्युत उद्योगमा, यातायात र घरेलु उपयोगमा खपत गरी आयातित पेट्रोलियम पदार्थको खपत कम गर्ने लक्ष्य लिइएको थियो। तर यो सरकारले आगामी केही वर्षमा व्यापक रूपमा उत्पादन हुने विद्युतलाई घरेलु, यातायात र नेपालका स-साना उद्योगमा खपत बढाउनेतिर लगाउने कार्यमा कर र भ्याट लगाएर उपभोक्तालाई निराश गराएको छ।

यसले पेट्रोलियम पदार्थ विस्थापन गर्ने कार्यलाई निरूत्साहित गर्न सक्छ, किनभने विद्युत पनि उत्पादनको लागतको एक हिस्सा हुने थुप्रै साना तथा मझौला उद्योगहरू छन्। बरू विद्युत खपत गरी उत्पादन बढाएर त्यताबाट कर लिने सरकारको नीति उत्तम हुनेछ।

अन्तःशुल्क हटाइए पनि केही कृषि तथा घरेलु उपभोगका वस्तुमा सरकारले स्वदेशी उत्पादन प्रवर्द्धन गर्न 'आन्तरिक उत्पादन प्रवर्द्धन तथा संरक्षण शुल्क (डिपिएफ)' ल्याएको छ। पुँजी बजारमा पुँजीगत लाभकरमा अल्पकालीन र दीर्घकालीन लगानीकर्ता छुट्याउन करको दर परिवर्तन गरिएको छ।

एक वर्षभन्दा कम अवधि सेयर राखेर बेच्ने (क्जयचत-तभचक) का लागि पुँजीगत लाभकर ७.५ प्रतिशतबाट बढाएर १० प्रतिशत र १ वर्षभन्दा बढी अवधि राख्ने (ियलन-तभचक) का लागि ५ प्रतिशतबाट बढाएर ७.५ प्रतिशत पुऱ्याइएको छ। वार्षिक ४० लाख रूपैयाँभन्दा बढी सेयरबाट कमाउने वा अन्य आम्दानी भएका ठूला कारोबारीहरूले अब यसलाई अन्तिम कर कट्टी नमानी पूर्ण आयकर प्रणाली (क्लअयफभ त्बह च्भतगचल) मा आबद्ध हुनुपर्ने व्यवस्था गरिएको छ।

**विपत र जोखिमको कम आकलन**

नेपालमा विभिन्न प्राकृतिक विपदहरूको असरलाई, खास गरेर गरिब वर्ग र युवाहरूको जीवनस्तरलाई ध्यानमा राख्दै बजेटमा यसका लागि कुनै विशेष व्यवस्थापन योजना देखिएको छैन।

नेपालको अर्थतन्त्रमा झन्डै एक-चौथाइ योगदान दिने र झन्डै दुई-तिहाइ रोजगारी उपलब्ध गराउने कृषि क्षेत्र, फैलिँदै गरेको जलविद्युत क्षेत्र, सडक सञ्जाल लगायतमा नेपालको बढ्दो विपदले पार्ने असरबारे यो बजेट आवश्यकता अनुरूप सचेत छैन जस्तो लाग्छ।

यस्ता विपदबाट समाजका सीमान्तकृत, जोखिममा रहेका र अत्यन्त गरिब समुदायको जीवनस्तरमा ठूलो प्रभाव पर्नेछ र धनी र गरिबबीच झन् ठूलो खाडल सिर्जना हुनेछ।

मध्य-पूर्व, रूस-युक्रेन लगायतका द्वन्द्व र हामीसँग व्यापार सञ्जालमा जोडिएका बजारमा हुने उतारचढावले आपूर्ति शृंखलामा पर्ने असरका कारण हाम्रो बढ्दो आर्थिक जोखिम व्यवस्थापन र त्यस्ता कारणले हाम्रो अर्थतन्त्रमा पर्न सक्ने असरहरूबाट कसरी हाम्रो अर्थतन्त्रलाई बचाउने भन्नेबारे बजेटमा कुनै कार्यक्रम र उपाय वा उपचार दिइएको छैन।

त्यस्तो अवस्थामा पेट्रोलियम पदार्थ, रासायनिक मल र अन्य महत्त्वपूर्ण कच्चापदार्थको आयातमा पर्ने असरले हाम्रो समग्र अर्थतन्त्रमा कस्तो असर गर्न सक्दछ, यो महत्त्वपूर्ण छ। सरकारले पूर्व आकलन गरी त्यस अनुसारको योजना बनाउनुपर्छ।

**विगतमा सुरू गरेका कार्यक्रमहरू सम्पन्न गर्ने**

बजेटले विकासको गति लिएका धेरै जलविद्युत, मुख्य सडकहरू, विद्युतीय प्रसारण लाइन, विमानस्थल लगायत विगतका सरकारहरूले सुरूआत गरेका आयोजनाहरू उनीहरूकै नीति र कार्यक्रम अनुसार अगाडि बढाइएको छ।

धेरै आयोजनाहरू यो सरकारले विगतका सरकारहरूले प्रवर्द्धन गरिदिएको उपहारका रूपमा पाएको छ। जलविद्युतमा मात्र आगामी केही वर्ष वार्षिक औसत करिब एक हजार मेगावाट उत्पादन क्षमता जोड्ने मौका पाएको छ। धेरै नयाँ घोषणा नगरे पनि विगतका सरकारहरूले सुरू गरेका धेरैजसो विभिन्न वर्ग र क्षेत्र लक्षित सामाजिक

► बाँकी ४ पेजमा

## विश्व

# किमसँग कुरा गर्न उत्तर कोरिया पुगे सी

**बेइजिङ, २५ जेठ ।**

चिनियाँ राष्ट्रपति सी चिनपिङलाई उत्तर कोरियामा भव्य स्वागत गरिएको छ। रुससँगको गहिरो गठबन्धनका कारण उत्तर कोरियालाई चीनबाट टाढिन नदिन र छिमेकमा आफ्नो प्रभाव पुनः स्थापित गर्ने उद्देश्यका साथ सीले भ्रमण गरेको मानिन्छ।

चीनको सरकारी समाचार एजेन्सी सिन्ह्वाका अनुसार उत्तर कोरियाली नेता किम जोङ उन र उनकी पत्नी री सोल जुले सोमबार प्योङ्याङ आइपुग्दा सीलाई व्यक्तिगत रूपमा स्वागत गरेका थिए।

सीको सम्मानमा २१ तोपको सलामी र अटुट मित्रताको घोषणा गर्ने दुईभाषी ब्यानरहरू सहितको औपचारिक स्वागत समारोह आयोजना गरिएको थियो।

विगत तीन हप्तामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई चीनमा स्वागत गरेपछि सी सोमबार उत्तर कोरिया पुगेका हुन्।

किमले आफ्नो देशमा कूटनीतिक गतिविधिलाई तीव्र बनाइरहेको र बाह्य संसारलाई आफ्नो विस्तारित आणविक हतियार प्रदर्शन गरिरहेको समयमा सीको यो भ्रमण भएको हो।

गत महिना ट्रम्प र पुटिनसँगको उच्चस्तरीय शिखर वार्ता पछि हुन लागेको यो भ्रमणले सीलाई बढ्दो रूपमा विभाजित बन्दै गएको विश्वमा सबै पक्षसँग संवाद गर्न सक्ने सीमित शक्तिहरूमध्ये एकका रूपमा चीनलाई प्रस्तुत गर्ने अवसर दिनेछ।

किमसँगको भेटले अमेरिका र रुसलाई उत्तर कोरियाली शासकमाथि चीनको प्रभाव रहेको स्मरण गराउनेछ।

तर त्यो प्रभावको पनि आफ्नै सीमाहरू छन्। चीनको वर्षौंदेखिको दबाबका बाबजुद उत्तर कोरियाले हालका वर्षहरूमा आफ्नो आणविक कार्यक्रमलाई तीव्र बनाएको छ। अनि रुसले युक्रेनमाथि आक्रमण गरेयता रुससँगको सैन्य सम्बन्धलाई अझ प्रगाढ बनाएको छ। सन् २०१९ मा उत्तर कोरियाको अन्तिम पटक भ्रमण गर्दा सीले किमलाई अमेरिकासँगको आणविक वार्तामा प्रगति गरोस् भन्ने विश्वको चाहना रहेको बताएका थिए।

पहिलो कार्यकालमा ट्रम्पले किमसँग तीन पटक भेटवार्ता भएको थियो। तर पनि उनले किमलाई आफ्नो आणविक कार्यक्रम नियन्त्रण गर्न मनाउन सकेनन्।

*(विभिन्न अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूको सहयोगमा तयार पारिएको)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष:** प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न भौतिक साधन जुट्नेछन् भने आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्।

**वृष:** लामो समयदेखि प्रतीक्षा गरिएको काम सम्पादन हुनेछ। आफ्नो क्षेत्रमा प्रभाव जमाउन सकिनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

**मिथुन:** काम थाल्न समय लागे पनि सम्भावना खोजी गर्ने समय छ। शुभचिन्तकहरूको सद्भाव कायम राख्न सजग रहनुपर्नेछ।

**कर्कट:** खानपानको असावधानीले स्वास्थ्यलाई हानि गर्न सक्छ। काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला।

**सिंह:** आराम तथा मनोरञ्जनको समय छ। प्रियजनसँग दिन रमाइलो गरि बित्नेछ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ।

**कन्या:** साहसी काम गरेर अरूको मन जित्न सकिनेछ। प्रतिपक्षीहरू समेत सहयोगी बन्नेछन्। रोकिएका काम बन्नुका साथै नयाँ काम प्रारम्भ हुनेछ।

**तुला:** परिस्थितिवश चिताएको काममा विलम्ब हुनेछ। अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीसँग जुध्नुपर्नेछ।

**वृश्चिक:** परिवारमा असमझदारी देखिएला। साथीभाइले साथ नदिन सक्छन्। अरूको फाइदाका लागि उपयोग भइएला।

**धनु:** नयाँ काम प्रारम्भ गर्ने समय छ। मिहिनेतले दिगो फाइदा दिलाउनेछ। प्रतिस्पर्धीले हार खानेछन्। परिश्रम परे पनि समय निकै फलदायी रहनेछ।

**मकर:** बोलीको गलत अर्थ लाग्नाले मान-सम्मानमा आघात पुग्नेछ। विचार सम्प्रेषण गर्नुअघि राम्ररी विचार पुर्याउनुहोला।

**कुम्भ:** परिवेश उल्लासमय रहे पनि जीवनशैली व्यस्त रहनेछ। प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ। बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ।

**मीन:** खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ। आफ्नो स्वामित्वका वस्तुमा अरूले दाबी गर्न सक्छन्। सापटी दिने बानीले पनि समस्या निम्त्याउनेछ। नेछ।

# हुम्लाका विद्यालयलाई फुटबल सहयोग

**◣युग संवाददाता**
**हुम्ला, २५ जेठ ।**

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)को सहयोगमा यहाँ विद्यालयस्तरमा फुटबल कार्यक्रम सुरु भएको छ। विद्यालय तहदेखि नै फुटबल खेलको विकास गर्ने उद्देश्यले एन्फाले देशभर कार्यक्रम सञ्चालन गरिरहेकामा यहाँ पनि लागू गरिएको जनाएको छ।

अन्तरराष्ट्रिय फुटबल महासङ्घ (फिफा)को 'फुटबल फर स्कुल्स' कार्यक्रमअन्तर्गत अभियान सुरु गरिएको कार्यक्रमका संयोजक धीरज रोकायाले जानकारी दिए । उनका अनुसार एन्फाले केही समयअघि खुला गरेको अनलाइन आवेदनका आधारमा हुम्लाका चार विद्यालय छनोटमा परेका थिए।

छनोट भएकामध्ये सिमकोट गाउँपालिकाको बालमन्दिर माध्यमिक विद्यालय र अदानचुली गाउँपालिकाको माउन्ट एभरेस्ट एकेडेमीलाई आइतबार एक कार्यक्रमका बीच प्रतिविद्यालय २५ वटाका दरले फुटबल प्रदान गरिएको हो।

# 'ब्यारेकजस्तै घर'

**◣युग संवाददाता**
**बाँके, २५ जेठ ।**



बाँकेको नेपालगन्ज-१५ जमुनाहस्थित एउटा घरमा घरभन्दा बढी एउटा ब्यारेकजस्तै लाग्छ। त्यो घर हो, स्थानीय सुरेन्द्र सिंहको। यस क्षेत्रमा यो परिवारको परिचय नै देशको सेवामा खटिएको सुरक्षाकर्मीको परिवारका रूपमा स्थापित छ।

शिख समुदायको यो सिंह परिवारमा हुने जमघटमा त अवस्था झनै हेर्न लायक हुन्छ। त्यहाँ उपस्थित अधिकांशको काँधमा राष्ट्रसेवक सुरक्षाकर्मीको पहिचानसहितको बर्दी देख्दा घर होइन, ब्यारेकजस्तै अनुभूति हुने गरेको छ।

सिंहको परिवारमा तीन पुस्तादेखि सुरक्षाकर्मी बन्ने परम्परा चल्दै आएको छ। घरका सदस्यहरू नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा आबद्ध हुँदै देशको शान्ति, सुरक्षा र सीमाको रक्षामा समर्पित छन् । हिसाब गर्दा परिवारका करिब एक दर्जन सदस्य सुरक्षाकर्मीका रूपमा राष्ट्रसेवामा जोडिएका छन्।

हालै सशस्त्र प्रहरी बलको प्रहरी नायब निरीक्षक पदबाट अवकाश लिनुभएका सिंहका अनुसार परिवारमा सुरक्षासेवाको यात्रा उहाँका बुबा जबर सिंहबाट सुरु भएको थियो । नेपाल प्रहरीमा कार्यरत बुबा जबरसिंहले स्थापित गरेको त्यही देशप्रेमको प्रेरणाबाट सुरेन्द्र स्वयं सशस्त्र प्रहरीमा आबद्ध भए । हाल उनका छोरा अङ्कित सिंह नेपाल प्रहरीमा कार्यरत रहेर हजुरबुबा र बुबाको पदचाप पछ्याइरहेका छन्।

"सुरक्षा निकायमा रहेका परिवारका सदस्यको सङ्ख्या करिब एक दर्जन पुग्छ। त्यसैले हाम्रो त घर नै ब्यारेकजस्तै छ", सुरेन्द्र मुस्कुराउँदै भन्छन्, "देशको सेवा गर्न पाएकामा गर्व लागेको छ। बुबाको पालादेखि नातिसम्म राष्ट्रसेवाको परम्परा फैलिएको देख्दा झनै गर्व महसुस हुन्छ।"

यही परिवारका काका शरण सिंहले नेपाल प्रहरीमा लामो समय सेवा गरे। परिवारकै विनोद, दीपक, बलदेव र नारायण सिंह हाल सशस्त्र प्रहरी बलमा कार्यरत छन्। नातामा भाइ पर्ने शङ्कर सिंह सशस्त्र प्रहरीको प्रहरी नायब उपरीक्षक पदबाट अवकाशप्राप्त भइसके । सिंह परिवारको इतिहास केवल जागिरमा सीमित छैन। यो परिवारले देशका लागि रगत र प्राणको आहुति पनि दिएको छ । द्वन्द्वकालमा प्रहरी निरीक्षक पदमा कार्यरत कन्हैया सिंहले कर्तव्यपालनका क्रममा वीरगति प्राप्त गरेका थिए। परिवारका लागि त्यो पीडादायी क्षण भए पनि उनको बलिदानले राष्ट्रसेवाप्रतिको प्रतिबद्धतालाई अझ दृढ बनाएको परिवारजन बताउँछन्।

अवकाशपछि पनि देशप्रतिको दायित्व समाप्त नहुने सुरेन्द्र सिंहको विश्वास छ। "बर्दी फुकाले पनि देशप्रेम त बाँकी नै हुन्छ नि", उनी भन्छन्, "हिजो सुरक्षाकर्मीका रूपमा र अब सामाजिक कार्यमार्फत देश र समाजको सेवामा निरन्तर लागिरहनेछु।"

# कर्णालीका...

पुन, जनक शाही, वीर बहादुर खड्का, केशव रावत, ज्ञान बहादुर घर्ती, संगीता थापा, मान बहादुर बुढाथोकी, राम बहादुर केसी, गौर शाही, सरिता पुन, प्रेम बहादुर सिंह र सुनिता बिक चयन भएका छन्।

अधिवेशनमा सभापति पदका लागि महेश सिंह, राघब कार्की, डिएन शाही र रमेश केसी आकांक्षी रहेका थिए । अन्ततः सहमति जुटेपछि महेश सिंहको नेतृत्वमा २० सदस्यीय जिल्ला समिति सर्वसम्मत रूपमा चयन गरिएको हो।

नवनिर्वाचित समितिमा ५ पदाधिकारी र १५ सदस्य गरी जम्मा २० जना रहेका छन् । पार्टीलाई जिल्लाभर थप सशक्त बनाउँदै संगठन विस्तार, जनसम्पर्क वृद्धि तथा जनताका मुद्दालाई प्रभावकारी रूपमा उठाउने प्रतिबद्धता नवनिर्वाचित नेतृत्वले जनाएको छ । नेतृत्व चयनको विषयलाई लिएर अधिवेशन हलमै केही समय विवादसमेत भएको थियो।

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०२/२६)**

बराहताल गाउँपालिका /जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, सुर्खेत जिल्ला अन्तरगत बराहताल गाउँपालिका सञ्चालित तपसिलका खानेपानी तथा सरसफाइ, र सिचाई योजनाहरूका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्री पाइप, फिटीङ्गस् तथा औजारहरू खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, र उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न शर्तहरूको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

**शर्तहरुः**

| समुह | योजनाको नाम | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (ढुवानी सहित) | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर (फिर्ता नहुने) | ढुवानी गर्नु पर्ने स्थान |
|---|---|---|---|---|
| समुह क | गिभिने खोला बहुउपयोगी खानेपानी तथा सरसफाई योजना बराहताल गाउँपालिका-७ | ५३,०८,०३६।४८ (अक्षरेपी त्रिपन्न लाख आठ हजार छत्तीस रुपैंया अड्तालिस पैसा मात्र) | ३०००।०० (अक्षरेपी तिन हजार रुपैया मात्र ) | सतुवा बहुउपयोगी खानेपानी तथा सरसफाई योजनाको छेडा, दोभान खोला सिचाई योजनाको बाङ्गेसिमल टेम्पो पार्क र गिभिनेखोला बहुउपयोगी खानेपानी तथा सरसफाई योजनाको बड़ीचौर बजार |
| | सतुवा बहुउपयोगी खानेपानी तथा सरसफाई योजना बराहताल गाउँपालिका-९ | | | |
| | दोभानाखोला सिँचाइ योजना बराहताल गाउँपालिका-१० | | | |

१ . विभिन्न आवश्यक निर्माण सामग्री, पाइप, फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र फारम तथा गुणस्तर/स्पेसिफिकेशन बराहताल गाउँपालिकाको कार्यालयका साथै गाउँपालिकाको र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको निम्न वेबपेजबाट प्राप्त गर्न सकिने छ। बराहताल गाउँपालिकाको वेभसाईटः barahatalmun .gov .np परियोजनाको वेभसाईटः www .laccp .org .np

२ . दरभाउपत्र पेश गर्दा दरभाउ पत्र पेश गरिसक्नु पर्ने मिति पुर्व माथि तोकिएको दस्तुर बराहताल गाउँपालिकाको नबिल बैंक लिमिटेड, बड्डीचौर शाखामा रहेको खाता न . ०६९०१०१७५००३४६ (राजस्व शीर्षक १४२२९) मा जम्मा गरेको सक्कलै भौचर सहित फर्म/सप्लायर्सको लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ८ औं (आठौं) दिनको दिउसो १२:०० बजे भित्र बराहताल गाउँपालिकाको कार्यालयमा वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको परियोजना सहयोग इकाइ वीरेन्द्रनगर, सुर्खेतमा पेश गरि सक्नु पर्नेछ। दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित समुहगत उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरू, पाइप तथा फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ । यदि कुनै सप्लायर्स वा फर्मले सिलबन्दी दरभाउ पत्र पेश गर्दा बैंक दाखिला भौचर पेश नगरेमा सो सप्लायर्स वा फर्मको दरभाउ पत्र मुल्यांकन गरिने छैन।

३ . सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ। हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८औं (आठौं) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ।

४ . सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिहरूको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन।

५ . उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरी यो सूचना प्रकाशित भएको मितिले ९ औं (नौ) दिन बराहताल गाउँपालिकाको कार्यालयमा बिहान १० बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरू, गाउँपालिका कार्यालयका प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।

६ . दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ।

७ . दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ।

८ . म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

९ . दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ।

१० . अन्य शर्तहरू परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ। थप शर्तहरू दरभाउपत्र साथै संलग्न गरिएको छ।

११ . यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना गाउँपालिकाको सूचना पाटी तथा वेवपेज र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको वेबपेजबाट जानकारी गरिनेछ।

१२ . अन्य थप जानकारी चाहिएमा बराहताल गाउँपालिका जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना हेर्ने शाखामा सम्पर्क (९८४८५३६९५३/९८६७४६१६९४) गर्न सकिनेछ।

**संयुक्त खरिद समिति**

## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

**(सूचना प्रकाशित मितिः २०८३/०२/२६ गते)**

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने ब्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने ब्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसील**

**धितो लिलाम बिक्री हुने मिति :-** २०८३ साल असार महिना ३१ गते
**सम्बन्धित कार्यालय तथा लिलाम हुने कार्यालय/स्थान :** कृषि विकास बैंक लि. शाखा कार्यालय जुम्ला ।

**ग्राहकको विवरण**

१. ग्राहकको नामः प्रविन एण्ड आरधना जनरल स्टोर, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय, जुम्ला फर्मको दर्ता नंः १३५७/२०७१/०७२, दर्ता मितिः २०७१/०७/२५, पान नंः ६०२७०८२६३

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वर्ग मि.मा) |
|---|---|---|---|---|---|---|
| व्यापार कर्जा १३६५३०२ | भुवन सिंह रावल | जुम्ला | महत | ७ | १८८ | ५५६० |
| | | | | ८ | १६९ | ७५ |
| | | | | ९ | ५४७ | ३६७ |

**प्रोपाईटरको विवरण**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| भुवन सिंह रावल | चन्दननाथ-९, जुम्ला | ११६११-८१६ | जिल्ला प्रशासन कार्यालय जुम्ला, २०५९/०४/२० | धनसुर रावल | मुनविर रावल |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी गर्ने कार्यालय/जिल्ला/मिति | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| भुवन सिंह रावल | चन्दननाथ-९, जुम्ला | ११६११-८१६ | जिल्ला प्रशासन कार्यालय जुम्ला, २०५९/०४/२० | धनसुर रावल | मुनविर रावल |

२. ग्राहकको नामः रत्न बाखा पालन उद्योग, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय, जुम्ला फर्मको दर्ता नंः १०४६/०७२/०७३, दर्ता मितिः २०७३/०३/०३, पान नंः ६०४७८००५०

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वर्ग मि.मा) |
|---|---|---|---|---|---|---|
| पशुपंक्षीपालन | रत्न बहादुर बम | जुम्ला | महत | ८ | ७९, ७८ | १२४५, २७२५ |
| | | | | ९ | १८९, ३९ | ५७७, १६५ |

**प्रोपाईटरको विवरण**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| रत्न बहादुर बम | चन्दननाथ-७, जुम्ला | १८० -१२५८ | जिल्ला प्रशासन कार्यालय जुम्ला, २०४३/१०/१६ | हस्त बहादुर बम | विरजित बम |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी गर्ने कार्यालय/जिल्ला/मिति | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| रत्न बहादुर बम | चन्दननाथ-७, जुम्ला | १८० -१२५८ | जिल्ला प्रशासन कार्यालय जुम्ला २०४३/१०/१६ | हस्त बहादुर बम | विरजित बम |

३. ग्राहकको नामः शक्ति सिंह रावल ना.प्र.नं.: ५९५५/१४७९, जारी मितिः २०६२/०१/१५, जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, जुम्ला बाबुको नामः श्रीराम रावल, बाजेको नामः विरमान रावल

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (वर्ग मि.मा) |
|---|---|---|---|---|---|---|
| सरल कृषि कर्जा, १९२११७५ | शक्ति सिंह रावल | जुम्ला | महतगाउँ | ८ | २८४, ९८, ५६ | ८०, ११६, ४५५० |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी गर्ने कार्यालय/जिल्ला/मिति | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| शक्ति सिंह रावल | महत -८, जुम्ला | ५९५५/१४७९ | जिल्ला प्रशासन कार्यालय जुम्ला, २०६२/०१/१५ | श्रीराम रावल | विरमान रावल |

४. ग्राहकको नामः देवकोटा जनरल स्टोर्स एण्ड तरकारी पसल, दर्ता भएको कार्यालयः उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, जुम्ला फर्मको दर्ता नंः ४५५/०६५/०६६, दर्ता मितिः २०६६/०१/२१, पान नंः ६००४०११६४

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|---|---|
| व्यापार | हरी प्रसाद देवकोटा | जुम्ला | गर्ज्याङकोट | १ | २२४, २३९ | ३२४३, १६०० |
| | | जुम्ला | गर्ज्याङकोट | ९ | ९, २४६ | ३००, १२५ |
| | | जुम्ला | गर्ज्याङकोट | ८ | १२१ | ३५ |

**धितो जमानीकर्ता तथा प्रोपाईटरको विवरण**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| हरि प्रसाद देवकोटा | जुम्ला गर्ज्याङकोट, ०९ | ७११७ | जुम्ला, २०६२ ।०५ ।२७ | जय प्रसाद देवकोटा | विष्णु प्रसाद देवकोटा |

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी गर्ने कार्यालय/जिल्ला/मिति | पतिको नाम | ससुराको नाम |
|---|---|---|---|---|---|
| मैया कठायत देवकोटा | जुम्ला गर्ज्याङकोट, ०९ | ६०/६९६ | जिल्ला प्रशासन कार्यालय/जुम्ला/२०६८/०९/१९ | हरि प्रसाद देवकोटा | जय प्रसाद देवकोटा |

५. ग्राहकको नामः कृतिसिंह जि.सी. ना.प्र.नं.: २५३८ जारी मितिः २०४८/०४/३० जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, जुम्ला बाबुको नामः पूर्ण बहाददुर घर्ति, बाजेको नामः चम्पासिंह घति

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (वर्ग मि.मा) |
|---|---|---|---|---|---|---|
| व्यापार कर्जा, ११८८५०९ | कृतिसिंह जि.सी. | जुम्ला | चन्दननाथ | २ | ८३७, १४३४, १४४१, १४३८ | ३५५, ४७०, ५५५, ३५० |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी गर्ने कार्यालय/जिल्ला/मिति | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| कृतिसिंह जि.सी. | चन्दननाथ-२, जुम्ला | २५३८ | जिल्ला प्रशासन कार्यालय जुम्ला २०४८/०४/३० | पूर्ण बहाददुर घति | चम्पासिंह घति |

६. ग्राहकको नामः तिर्थराज खत्री ना.प्र.नं.: ४८१६ जारी मितिः २०५२/०७/१६ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, जुम्ला बाबुको नामः डम्बर बहादुर के.सि. बाजेको नामः चम्फासिं

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (वर्ग मि.मा) |
|---|---|---|---|---|---|---|
| व्यापार कर्जा | तिर्थराज खत्री | जुम्ला | महत | ८ | २ | ४८४ |
| | | | | ९ | ४१०, ४१२, १७० | ३३०, ७३७, २२१ |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी गर्ने कार्यालय/जिल्ला/मिति | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| तिर्थराज खत्री | महत-८, जुम्ला | ४८१६ | जिल्ला प्रशासन कार्यालय जुम्ला, २०५२/०७/१६ | डम्बर बहादुर के.सि. | चम्फासिं |

**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना ब्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने ब्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकको शाखा कार्यालय जुम्लामा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाडौं ।**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# डिजिटल माध्यमबाटै बिनाधितो १० लाखसम्म ऋण

**युग संवाददाता**
**काठमाडौं, २५ जेठ ।**

लघु, साना तथा मझौला व्यवसायीले कारोबारमा आधारित भएर डिजिटल माध्यमबाटै कर्जा पाउन सक्ने भएका छन् । यस्ता व्यवसायीले अब डिजिटल माध्यमबाट १० लाख रूपैयाँसम्म कर्जा पाउने व्यवस्था राष्ट्र बैंकले गरेको छ। यस्तो कर्जा लिन धितो राख्नुपर्ने छैन ।

डिजिटल माध्यमबाट प्रवाह हुने कर्जा मार्गदर्शन सच्याउँदै राष्ट्र बैंकले यस्तो व्यवस्था गरेको हो । दीर्घकालीन प्रकृतिको चालु पुँजी कर्जाका रूपमा यस्ता व्यवसायीलाई १० लाखसम्मको ऋण डिजिटल माध्यमबाटै दिने व्यवस्था नयाँ मार्गदर्शनले गरेको छ।

एक वर्ष अवधिको अल्पकालीन चालु पुँजी कर्जाका रूपमा भने यी व्यवसायीले पाँच लाख रूपैयाँसम्म प्राप्त गर्ने भएका छन् । अहिले पनि तलबी खाता हुने ग्राहकले तीन वर्षका लागि पाँच लाख रूपैयाँसम्मको कर्जा डिजिटल माध्यमबाटै प्राप्त गर्दै आएका छन्।

तलब खाता बाहेक अन्य खाता हुने सर्वसाधारण ग्राहकले भने तीन वर्षका लागि दुई लाख रूपैयाँसम्म कर्जा पाइरहेका छन् । ग्राहकले डिजिटल माध्यमबाट गरेको कारोबार विवरण, भुक्तानी विवरण लगायत व्यवसाय सम्बन्धी अन्य विवरणका आधारमा यस्तो कर्जा दिइनेछ। यसका लागि बैंक तथा वित्तीय संस्थाहरूले प्रविधिप्रदायक संस्थाहरूसँग सहकार्य गर्न सक्ने व्यवस्था गरिएको छ । यसमा हुने जोखिमको व्यवस्थापन बैंक तथा वित्तीय संस्थाले नै गर्नु पर्नेछ।

# हुम्लाको टाक्चीमा लिमी रिसोर्ट



**युग संवाददाता**
**हुम्ला, २५ जेठ ।**

हुम्लाको उत्तरी नाम्खा गाउँपालिका-६ लिमीको टाक्चीमा लिमी रिसोर्ट सञ्चालनमा आएको छ । लिमी उपत्याका प्रवेश गर्ने टाक्ची, न्यालुलगायतका सडकमा जमेको हिउँ पन्छाएर यातायात सञ्चालनमा आएपछि रिसोर्ट पुनः सञ्चालनमा आएको व्यवसायी तेन्जिन नुर्बु लामाले बताए।

हिउँदयाममा बाक्लो हिमपातले बन्द भएको रिसोर्ट वर्षायाम सुरु भएपछि पुनः सञ्चालनमा आएको हो। पाँचहजार १३० मिटर उचाइमा रहेको लिमीको लाप्चाबाट सजिलै मानसरोवर कैलाश दर्शनमा पुग्ने स्वदेशी तथा विदेशी पर्यटकलाई लक्षित गरी रिसोर्ट सञ्चालनमा आएको बताईन्छ।

रिसोर्टले आन्तरिक पर्यटकका लागि तीन छाक खाना र बाससहित प्रतिव्यक्ति रु दुई हजार ५०० तथा विदेशी पर्यटकका लागि प्रतिव्यक्ति रु तीन हजार ५०० शुल्क निर्धारण गरेको छ । रिसोर्टमा स्थानीय परिकारसँगै याकको सुकुटी पनि उपलब्ध छ। रिसोर्ट उच्च हिमाली क्षेत्रमा सञ्चालनमा आएकाले अक्सिजनको व्यवस्था गरिएको छ।

# हरित कर र लगानी बढाउन आग्रह

**युग संवाददाता**
**काठमाडौं, २५ जेठ ।**

राजनीतिकर्मी, विज्ञ र सामाजिक क्षेत्रका प्रतिनिधिले जलवायु सङ्कटको चुनौतीको सामना र मुलुकको समृद्धिका लागि हरितकर लगानी विस्तारमा जोड दिएका छन्। सहारा नेपालद्वारा आज आयोजित जलवायु परिवर्तनसम्बन्धी ‘क्याइमाक्लेभ १.० : शेयर द स्कोप, रेज द होप’ विषयक कार्यक्रममा विभिन्न वक्ताले जलवायु वित्त, लगानी, कार्बन बजार, हरित लगानी, समुदायमा आधारित जलवायु समाधान, दिगो विकास र नवप्रवर्तनलाई बहुपक्षीय सहकार्य गर्नुपर्नेमा जोड दिएका हुन्।

प्रतिनिधिसभा सदस्य सुशील खड्काले आर्थिक वर्ष २०८३/०८४ को बजेटले ‘बिग डिपार्चर’ गरेको र अबको पाँचदेखि सात वर्षमा वार्षिक सात प्रतिशत आर्थिक वृद्धिदर हाँसिल गर्ने लक्ष्य लिइएको बताए।

पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले जलवायु सङ्कट समाधानका नीतिगत र कानुनका पक्षमा सहकार्यको दायरा बढाउन आग्रह गरे । नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले अन्तरराष्ट्रिय जलवायु कोषको लगानीलाई नेपालमा बढाउनुपर्ने माग गरे।

# भुइँमान्छेलाई...

विकासका कार्यक्रमहरूलाई निरन्तरता दिएको देखिन्छ।

### महत्त्वाकांक्षी बजेट

यसो हेर्दा बजेटको आकार अस्वाभाविक मानिएको छ, भलै कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा यो बजेट विगतका बजेटहरूभन्दा ठूलो छैन। तर यो वर्षको बजेट संशोधित १६ खर्ब ८८ अर्बको चालु बजेटबाट २१ खर्ब २४ अर्ब ३४ करोडमा वृद्धि भएको छ, जुन २५.२ प्रतिशतको वृद्धि हो।

सरकारको बजेटको संरचना विगतको जस्तै-जस्तै भए पनि चालु खर्चमा आशा गरे अनुरूप घटाउनुको सट्टा रकममा बढोत्तरीले सरकारको वित्तीय प्रबन्धनमा ठूलो चुनौती ल्याउँछ। उच्च चालु खर्चसँगै पुँजीगत बजेट र यसको खर्चमा कमी आएमा दीर्घकालीन विकासमा नकारात्मक असर पर्न सक्छ।

सरकारी ऋण २९ खर्बबाट ३६ खर्बमा पुग्ने लक्ष्यले अर्थात् २२.२ प्रतिशतको सार्वजनिक ऋण वृद्धिले सरकारको वित्तीय प्रबन्धनमा र सार्वजनिक ऋणको स्तर वृद्धि हुँदा भविष्यमा दायित्व व्यवस्थापनका दीर्घकालीन चुनौतीहरू ल्याउन सक्छ। सार्वजनिक ऋणका कारण सरकारले वित्तीय नीतिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कठिनाइ भोग्न सक्छ।

यसले आर्थिक स्थिरता र विकासका लागि दीर्घकालीन खतरा पैदा गर्न सक्छ । राजस्वको लक्ष्य अस्वाभाविक रूपमा कायम गरिँदा त्यसको प्रत्यक्ष-अप्रत्यक्ष असर निजी क्षेत्र तथा उपभोक्तामा पर्नेछ।

सरकारले तलब वृद्धि गरेर सरकारी कर्मचारीलाई प्रोत्साहित त गर्नेछ, साथै बजारमा खपत पनि बढ्नेछ। तर त्यसको दबाब निजी क्षेत्रलाई आफ्नो जनशक्तिको पारिश्रमिक बढाउन पर्न जानेछ, जसले निजी क्षेत्रको उत्पादनमा असर गर्नेछ।

अवश्य पनि अर्थमन्त्रीको सार्वजनिक भनाइ अनुसार बजेटको आकार बढाएर सरकारलाई चुनौती हुने छैन किनकि सरकारले बजेटको उपयोग चरित्र परिवर्तन गरेर गर्नेछ। तर यति ठूलो आकारको बजेट यदि सरकारले लक्ष्य अनुसार पूरा गर्न सकेन भने यसले दीर्घकालीन आर्थिक समस्याहरू निम्त्याउनेछ, जसले समग्र वित्तीय सञ्जाललाई अस्थिर बनाउन सक्छ। आम नागरिकलाई बजेटमार्फत बाँडिएका सपना पूरा नहुँदा जनतामा राजनीतिक दलप्रति थप निराशा बढ्नेछ।

### बजेटमा नदेखिएका भुइँमान्छे र अदक्ष युवा

प्रस्तुत गरिएको बजेटले सामाजिक न्यायका हिसाबले सबै वर्ग, समुदाय र क्षेत्रलाई प्रभावकारी रूपमा यथोचित सम्बोधन गर्न सकेको छैन। महिला अधिकारको संरक्षण र विकासका तथा विशेष गरी अपांगता भएका व्यक्तिहरूका लागि रोजगारीका अवसरहरूको सिर्जना गर्न ठोस योजना वा अनुदान उपलब्ध गराइएको छैन। देशभरका विभिन्न भौगोलिक क्षेत्रहरूमा समान विकासको अभावले विकासको असमानता झल्काउँछ।

शिक्षा क्षेत्रको बजेटमा प्राथमिकता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा विद्यालयमा पढाइ छाड्नुपर्ने युवाहरूलाई बजारको माग अनुसार सीप दिने प्रभावकारी कदम नसमेटिएकाले, अहिलेका एसइईसम्म नपुग्ने झन्डै ५६ प्रतिशत विद्यार्थीका लागि श्रम बजार स्वदेश या विदेश कहाँ हुने र मर्यादित आम्दानीको सपना कहिले पूरा हुने भन्ने प्रश्न जस्ताको तस्तै रहनेछ । योग्य व्यक्तिहरूको कमीले तथा पलायनले विकास योजनाको कार्यान्वयनमा र गुणस्तरमा समस्या ल्याउन सक्छ।

बजेटले गरिबी र सामाजिक न्यायका मुद्दाहरूमा पर्याप्त ध्यान दिएको छैन। विशेष गरेर अपांगता भएका व्यक्तिहरू र सीमान्तकृत वर्गहरूका लागि रोजगारका अवसरहरूको सुनिश्चितता गर्न कुनै ठोस योजना छैन। यो विशेष गरेर महिलाका अधिकार र समानताको क्षेत्रका लागि पनि अवहेलनामा छ। यद्यपि वर्तमान बजेटले सामान्य जनतालाई आर्थिक राहतका माध्यमबाट सामना गर्ने प्रयास गरेको छ, यसमा समाजका सबै तहलाई समेट्ने आवश्यक प्रयास गरिएको छैन।

सरकारले कमाउने र उद्यमी वर्गलाई मात्र ध्यानमा राखेर बजेट ल्याएको देखिन्छ। सरकारी तथ्यांकले देखाएको जनसंख्यामा सालाखाला करिब २० प्रतिशत रहेका गरिबलाई र कुनै बाह्य वा आन्तरिक विपदको जोखिममा रहेका थप सालाखाला २० प्रतिशतको हाराहारीमा रहेको जनसंख्यालाई बजेटले सम्बोधन गरेन । नेपालका दूरदराज, ग्रामीण इलाकामा बसोबास गर्ने सीमान्तकृत किसानका लागि कृषि उत्पादनमा कुनै लक्षित कार्यक्रम देखिएन, जबकि यो क्षेत्र नेपालका करिब ६० प्रतिशत भुइँमान्छेको जीवन निर्वाहको माध्यम बनेको छ। औपचारिक तथ्यांकले जे देखाए पनि व्यवहारमा नागरिकको चुलो महँगो भएको छ।

तीनवटै तह (संघ, प्रदेश र स्थानीय) का सरकारहरूबीच वित्तीय न्याय र सन्तुलन कायम हुने गरी यो बजेटमा विनियोजन भएको छैन । संघीयता लागू गर्दा स्थानीय सरकारहरूको वित्तीय हस्तान्तरणको आकार घटाइएको छ। यसले स्थानीय सेवाको स्तरमा कमी ल्याउनेछ।

सरकारले जनतासमक्ष आफ्नो जबाफदेहिता र दक्षता कम गर्दै स्थानीय विकासमा बाधा निम्त्याउँछ। वित्तीय सहयोगको कमीले स्थानीय विकासका कार्यक्रमहरूलाई सफल बनाउन कठिनाइ ल्याउनेछ। बजेटको आकार बढ्दा पनि स्थानीय सरकारले पाउने वित्तीय हस्तान्तरण झन्डै ८ प्रतिशत र प्रदेशमा सालाखाला झन्डै ४ प्रतिशत घटाइएको छ।

यसले एकातिर सरकारले संघीयताको मर्म नबुझेको देखिन्छ भने अर्कातिर जनताको नजिकको सरकारले दिने सेवामा बजेटको कमीले वृद्धि गर्न नसकिने हुँदा त्यसको प्रत्यक्ष असर भुइँमान्छेमा पर्नेछ।

### कुरा फेरि कार्यान्वयनकै

सरकारले लगानी प्रवर्द्धन, औद्योगिक विकासका लागि थप सुधार गर्न प्रयत्न गरे पनि दक्ष मानव संशोधनको पलायन र योग्य व्यक्तिहरूको कमीले विकास आयोजना तथा परियोजनाहरूको कार्यान्वयनमा र उद्योगलाई आवश्यक जनशक्ति नहुँदा उत्पादकत्व बढेको छैन । यसले गुणस्तरमा असर पार्न सक्छ। यस विषयमा बजेट स्पष्ट छैन।

बैंकिङ क्षेत्रमा कमजोर कर्जा मागको सम्बोधन करहरूमा छुट दिएर मात्र नहुन सक्छ । भविष्यमा आउने मौद्रिक नीति र अहिलेको वित्तीय नीतिमा कस्तो सामञ्जस्य हुनेछ, त्यो पनि महत्त्वपूर्ण छ। निजी क्षेत्रको खस्किएको मनोबल उच्च राख्न नसके घोषणा भएका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुनेमा प्रश्न नै रहनेछ। किनकि सबै तहका सरकारको सालाखाला ५ खर्ब जतिको पुँजीगत खर्चले अर्थतन्त्रमा झन्डै तीन-चौथाइ योगदान गर्ने निजी क्षेत्रलाई कति गतिशील गराउन सकिन्छ, त्यसैमा देशको आर्थिक विकासको गति निर्धारण हुन्छ।

कर्मचारीहरूको तलब वृद्धि मात्र गरेर अहिलेको संरचनामा यो बजेट कार्यान्वयन गर्न कठिन हुन्छ। एकातिर स्रोतको सीमितता र अर्कोतिर सबै क्षेत्रका संरचनाहरू तथा निजी क्षेत्रको मनोबल उत्साहित नभएको अवस्थामा बजेटको लक्ष्य पूरा गर्न गाह्रो देखिन्छ।

निर्माण, कृषि र सेवा क्षेत्रमा अत्यधिक मूल्यवृद्धिले थप समस्या पारेको छ । भइरहेको विकास निर्माणलाई समेत प्रभावित गर्ने गरी मूल्यवृद्धिलाई नियन्त्रण र व्यवसायको सुरक्षा गर्नेमा यो बजेटले विश्वास नदिलाएसम्म लक्ष्य पूरा हुँदैन। पुँजीगत खर्चको सही र समयमा कार्यान्वयन गर्ने कमजोर परिस्थितिहरूले परियोजनाहरूलाई समयमा सम्पन्न गर्न कठिनाइ पर्दै आएका सन्दर्भमा ’सनसेट’ कानुन ल्याउने कुराले केही राहत हुने आशा गर्न सकिन्छ। उच्च चालु खर्चसँगै पुँजीगत खर्चमा वृद्धि नभएमा दीर्घकालीन विकासमा नकारात्मक असर पर्ने सम्भावना रहन्छ। सार्वजनिक ऋणको स्तर वृद्धि गर्दा भविष्यमा दायित्व व्यवस्थापन र भुक्तानीका चुनौतीहरूको उत्पत्ति हुन सक्छ।

नेपालको अर्थतन्त्रमा भएका संरचनागत समस्याहरू जस्तै-विप्रेषण (रेमिटेन्स) मा अति निर्भरता, आयातले धानेको खपत र राजस्व, ओरालो लागेको म्यानुफ्याक्चरिङ र समग्र औद्योगिक क्षेत्र तथा कृषि एवं औद्योगिक क्षेत्रको न्यून उत्पादकत्व नै हो । त्यस्तै, हामीले रेमिटेन्समा आधारित अर्थतन्त्रबाट औद्योगिक क्षेत्रले मनग्गे योगदान गरेको अर्थतन्त्र बनाउनेतिर बजेटले अन्तःशुल्क र करहरू घटाएर परिकल्पना गरेको छ। बजेटले औद्योगिक विकासको माहोल बनाउने कुरामा सुशासन, नीतिगत स्पष्टता, आवश्यक स्रोत परिचालन, व्यवस्थापकीय पक्ष नै महत्त्वपूर्ण हुन्छन्। बजेट त एउटा स्रोत, नीति र कार्यक्रमको निर्देशनात्मक दस्तावेज हो। समग्रमा नेपालको प्राथमिकताका के-के आधारभूत क्षेत्र हुन्, त्यो बजेटले किटान गर्न सकेको छैन। सरकारले विरोधाभासका कुरा पनि गरेको छ। कतै नेपाल टेलिकम, नेपाल एयरलाइन्स लगायत सरकारी संस्थानहरूको निजीकरण गर्ने तर कतै सरकारले विभिन्न व्यावसायिक मोडेलमा उद्योग चलाउने कुरा बजेट भाषणमा झल्किएको छ। सायद लगानीको माहोल बनाउन धेरै ऊर्जा खर्चेको सरकार आफै उद्योग खोल्न नजाला।

केही भएन भनेर निराश भएका जनताले झन्डै दुई-तिहाइ दिएर जिताएको सरकारले विगतका सरकारहरूका विकास प्रयास, कार्यक्रम, आयोजना र परियोजनाहरू कार्यान्वयनको निर्णायक मोडमा पुगेका बेला यो सरकारले सुशासन र प्रभावकारी कार्यशैलीले प्रतिफल बाँड्न पाउने भाग्य लिएर आएको छ।

आशा गरौं, जनताले निराश हुने मौका पाउने छैनन्।

*(लेखक राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष हुन्।)*

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्युटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA
Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु
- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।